# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक ३ गते

आयोगका नवनियुक्त पदाधिकारीहरूद्वारा पदभार ग्रहण

# मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा समर्पित हुने प्रतिबद्धता

राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त अध्यक्ष अनुपराज शर्मा तथा सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालले सोमबार आयोगमा पदभार ग्रहण गर्नुभएको छ ।

यसअघि आयोगका अध्यक्ष तथा सदस्यहरूले सम्माननीय राष्ट्रपति डा. रामवरण यादव, उपराष्ट्रपति परमानन्द झा र प्रधानमन्त्री सुशील कोइरालाको उपस्थितिमा सम्माननीय प्रधान न्यायाधीश राम कुमार प्रसाद शाह समक्ष राष्ट्रपति भवन शीलतनिवासमा एक समारोहबीच सपथ ग्रहण गर्नुभयो ।

संवैधानिक परिषदद्वारा उहाँहरूलाई आयोगका पदाधिकारीमा गरिएको सिफारिसलाई 'संसदीय सुनुवाइ विशेष समिति' ले असोज ३१ गते अनुमोदन गरेको थियो । संवैधानिक परिषदले उहाँहरूलाई २०७१ साल असोज २ गते सिफारिस गरेको थियो ।

पदभार ग्रहण पश्चात आयोगमा पत्रकार तथा मानवअधिकार रक्षक, तथा नागरिक समाजका प्रतिनिधिहरूलाई सम्बोधन गर्दै अध्यक्ष अनुपराज शर्माले देशमा मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि राजनीतिक अन्यौल हट्नुपर्ने तथा सबैले लोकतान्त्रिक संस्कार अपनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । मन्तव्यको क्रममा अध्यक्ष शर्माले आयोगका सिफारिसहरुलाई कार्यान्वयन गर्ने दिशामा आफ्नो प्रयास रहने चर्चा गर्दै आवश्यक परेमा सञ्चार माध्यम, मानव अधिकार रक्षक तथा अन्तर्राष्ट्रिय समुदायको पनि सहयोग लिने बताउनुभयो ।

आजै बसेको नवनियुक्त पदाधिकारीहरूको पहिलो बैठकले सम्माननीय राष्ट्रपति डा. रामवरण यादवलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ ।

यसैगरी बैठकले आयोगका पदाधिकारीहरूको कार्यविभाजन समेत गरेको छ ।

बैठकले मानव अधिकारको संरक्षण र तथा सम्वर्द्धन गर्ने दिशामा नेपाल सरकारका सम्पूर्ण निकाय, सुरक्षा निकाय, नागरिक समाज, मानव अधिकारकर्मी, राजनीतिक दल, पत्रकारलगायत सबै सरोकारवालाहरूलाई आ-आफ्नो स्थानबाट सहयोग पुऱ्याउन आग्रह गरेको छ ।

बैठकले मानव अधिकार उल्लङ्घनसम्बन्धी देहायका दुईवटा उजुरीहरुमाथि छलफल गरी उक्त घटनामा संलग्न दोषीहरुलाई कानुनीबमोजिम कारबाही गर्न तथा पीडितका परिवारहरुलाई जनही रु तीन लाखका दरले क्षतिपूर्ति उपलब्ध गराउन र परिपूरणको व्यवस्था गर्न सिफारिस गरेको छ ।

क) गोर्खा जिल्ला धैरूङ गाविस वडा नं. ९ का टोपबहादुर आले मगरलाई तत्कालीन शाही नेपाली सेनाद्वारा २०६१ कात्तिक १० गते बेपत्ता पारेको तथा मारेको घटनाको सम्बन्धमा ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

ख) काभ्रेपलान्चोक जिल्ला काभ्रे गाविस वडा नं. ४, काभ्रे भञ्ज्याङमा नियमित सुरक्षा जाँचमा खटिएको सुरक्षाकर्मीहरुलाई लक्षित गरी २०६२ साल फागुन १५ गते तत्कालीन नेकपा माओवादीले आक्रमण गर्दा तत्कालीन शाही नेपाली सेनाका तीज जना पिउठहरू पदमबहादुर विष्ट, रामभगत आले मगर र चेतनाथ पुरीलाई मारेको घटनाको सम्बन्धमा ।

आयोगले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको दायित्वलाई प्रभावकारी रूपमा सम्पन्न गर्न निम्न विषयहरूलाई विशेष प्राथमिकता दिने भएको छ :

१. कर्मचारीहरूको उच्च मनोबलयुक्त सहयोगको अपरिहार्यतालाई महशुस गर्दै अस्थायी तथा करारका कर्मचारीहरूबाट काम चलाइरहेको आयोगका जनशक्तिसम्बन्धी समस्या तत्काल समाधान गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राख्ने ।

२. आयोगमा पदाधिकारीहरूको अभावले लामो समयसम्म सम्पन्न हुन नसकेका मानव अधिकार हनन्का घटनाहरुमाथि निर्णय तथा तिनको अनुगमन समेतका काम सम्पन्न गर्ने दायित्वलाई प्राथमिकता दिने ।

३. मानव अधिकारको सम्वर्द्धनमा सञ्चार जगतको महत्वपूर्ण भूमिका रहने यथार्थलाई स्वीकार्दै पूर्ण पारदर्शी ढङगले सञ्चारजगतसँग सुसम्बन्ध विकास गर्ने ।

४. मानव अधिकारको सम्वर्द्धनको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसस्था तथा नागरिक समाजसँगको समन्वय र सहकार्यलाई प्राथमिकता दिने ।

५. आगामी ६ वर्षका लागि आयोगको रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गरी सार्वजनिक गर्ने र तद्नुरुप क्रियाशील रहने ।

२०६९।६।२

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org